आज मिति २०८२।११।११ गतेका दिन यस ब्याँस गाउँपालिका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा बसेको ब्याँस गाउँकार्यपालिकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री मंगल सिह धामी | अध्यक्ष |
| २. | श्री विनोद सिह कुँवर | उपाध्यक्ष |
| ३. | श्री अशोक सिह बोहरा | १ नं. वडा अध्यक्ष |
| ४. | श्री धिरन सिह बुढाथोकी | २ नं. वडा अध्यक्ष |
| ५. | श्री उपेन्द्र सिह धामी | ३ नं. वडा अध्यक्ष |
| ६. | श्री झुन सिह विष्ट | ४ नं. वडा अध्यक्ष |
| ७. | श्री विर सिह धामी | ५ नं. वडा अध्यक्ष |
| ८. | श्री राजेन्द्र सिह कुँवर | ६ नं. वडा अध्यक्ष |
| ९. | श्री अस्पाल सिह बुढाथोकी | कार्यपालिका सदस्य |
| १०. | श्री आस्मती वि.सि. | कार्यपालिका सदस्य |
| ११. | श्री कलम राम भूल | कार्यपालिका सदस्य |
| १२. | श्री धाना देवी बम | कार्यपालिका सदस्य |
| १३. | श्री कलावती डडाल | कार्यपालिका सदस्य |
| १४. | श्री पुर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| १५. | श्री कृष्णानन्द बडू | सदस्य सचिव |

<u>प्रस्तावहरु:</u>

१. आयोजनाहरुको पुन:प्राविधिक मूल्याङ्कन गर्ने गराउने सम्बन्धमा ।

२. १५ शैयाको अस्पताल निर्माणका लागि आगामी आ.व. मा बजेट विनियोजन गर्ने प्रतिवद्धता सम्वन्धमा ।

३. Construction of Ranisthan Braham Temple, Culctural & Tourism Area को बाँकी बजेट कार्यान्वयन गर्ने सम्बन्धमा।

४. विपद व्यवस्थापन कोषबाट हुती माडरौ देखि बसेडी सडक खण्डको धौलीओराढमा वाल निर्माण सम्बन्धमा।

५. जस्ता खरिद सम्बन्धमा ।

६. निर्वाचन अवधिमा गाडी व्यवस्थापन गर्ने सम्बन्धमा।

७. इन्भटर र तातो चिसोपानी आउने फिल्टर खरिद सम्बन्धमा।

८. दुर्गा मन्दिरको भण्डार घर र शौचालय मर्मतको लागि बजेट व्यवस्थापन गर्ने सम्वन्धमा।

९. खानेपानी पाइप खरिदका लागि वजेट व्यवस्थापन सम्बन्धमा।

१०. विशेष गाउँसभा आवह्रान गर्ने सम्बन्धमा ।

११. औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।

१२. विल भुक्तानी गर्ने सम्वन्धमा।

१३. आयोजनाको म्याद थप सम्बन्धमा।

१४. प्रस्ताव छनौट सम्वन्धमा।

१५. तिर्थयात्रा कार्यक्रममा लागि बजेट सुनिश्चितता गर्ने सम्बन्धमा।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तर्गत गत आ.व. २०८१/०८२ मा स्वीकृत भई सञ्चालनमा रहेका तपसिल बमोजिमका आयोजनाहरुको प्राविधिक मूल्याङ्कन सम्बन्धित उपभोक्ता समितिले असहमती जनाइ पुनः प्राविधिक मूल्याङ्कनका लागि लिखित/मौखिक यस कार्यालयलाई निवेदन दिएको व्यहोरा कार्यपालिका बैठकमा पेशहुन आएकोले उक्त विषयमा विस्तृत छलफल पश्चात स्थानीय तहको योजना कार्यान्वयन प्रक्रिया पारदर्शी, उत्तरदायी तथा गुणस्तरीय बनाउन आवश्यक रहेको तथा प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्यको गुणस्तर तथा प्राविधिक पक्षको यथार्थता परीक्षण गर्न आवश्यक देखिएकोले उक्त आयोजनाहरुको निष्पक्ष तथा वस्तुनिष्ठ पुनः प्राविधिक मूल्याङ्कनका लागि सम्बन्धित निकायलाई पत्राचार गर्न लगाउने तथा सम्पूर्ण प्रक्रिया समन्वय गरी प्रतिवेदन कार्यपालिकामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मत गरियो।

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | वडा नं.४ चक्रपथ निर्माण( कोरकट्या-डोकट-मलघट्टे-मडगाउँ-गल्या-पथरकोट-क्रमागत) | ब्याँस-४ | |
| २. | हुती माडरौ देखि बसेडी सडक निर्माण(क्रमागत) | ब्याँस-६ | |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७९/०८० मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रममा यस गाउँपालिकालाई प्राप्त १५ शैया अस्पताल निर्माणका लागि हालसम्म संघीय सरकारबाट रु १३ करोड ७८ लाख २५ हजार बजेट प्राप्त भएको र ब्याँस गाउँपालिकाबाट उक्त कार्यको लागि रु १ करोड रकम विनियोजन भई कार्यान्वयनमा रहेकोमा उक्त आयोजना निर्माणको लागि भएको सम्झौता बमोजिम गाउँपालिकाले व्यहोर्नु पर्ने बाकी रकम रु ५,७६,८५,०८९.६२ आगामी आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउने र सोही प्रतिबद्धतापत्र सहित संघीय सरकारबाट पाउनु पर्ने रु ४,२१,७५,००० बजेट मागको लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ६ मा कार्यान्वयन भएको Construction of Ranisthan Braham Temple, Culctural & Tourism Area योजनाको कार्य सम्पन्न भई प्राविधिक नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा अन्तिम भुक्तानी समेत भई सकेको छ। उक्त योजनाको बाँकी रकमबाट मन्दिर परिसरको भौतिक संरचना तथा सौन्दर्य अभिबृद्धिका लागि तपसिल बमोजिमका कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्ने गराउने निर्णय गरियो।

| क्र.स. | आयोजनाको नाम | बजेट सिमा | कैफियत |
|---|---|---|---|
| १. | वह्रम मन्दिर घेर पर्खाल निर्माण वडा नं. ६ | १० लाख | |
| २. | वह्रम मन्दिर फिल्ड निर्माण वडा नं. ६ | ५ लाख | |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ब्याँस गाउँकार्यपालिका वडा नं. ६ मा पर्ने हुती माङरौ देखि बसेडी सडक खण्डको धौलीओराढ क्षेत्रमा वाल निर्माणको विषयमा छलफल गर्दा स्थानीय बासीको आवतजावत सहज बनाउन तत्काल आवश्यक कार्य गर्नुपर्ने देखिएकोले गाउँपालिकाको विपद व्यवस्थापनकोषबाट उक्त कार्यको लागि रु १ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ४ मा रहेको होप्कर आधारभूत विद्यालय डोकटको छत जीर्ण तथा क्षतिग्रस्त भई पठन-पाठन कार्य प्रभावित भएकोले छत मर्मतका लागि जस्ता खरिद गर्न आवश्यक देखिएको विषय कार्यपालिकाको बैठकमा पेश हुन आएकोले उक्त विषयमा छलफल हुँदा विद्यालयको शैक्षिक वातावरण सुरक्षित तथा व्यवस्थित बनाउन तत्काल छत मर्मत कार्य अगाडी बढाउनुपर्ने देखिएकोले आवश्यक परिमाणको जस्ता तथा सम्बन्धित सामग्री खरिद गर्न विपद व्यवस्थापन कोषबाट प्राविधिक मुल्याकनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई शान्तिपूर्ण, निष्पक्ष तथा व्यवस्थितरुपमा सम्पन्न गर्ने सुरक्षा व्यवस्थापनका लागि सवारी साधन आवश्यक पर्ने भनि इलाका प्रहरी कार्यालय हुतीबाट अनुरोध प्राप्त भएकोले उक्त विषयमा छलफल हुँदा मिति २०८२/११/१५ गते देखि ऐ २१ गतेसम्म गाउँपालिकाले १ जिप भाडामा लगि इलाका प्रहरी कार्यालय हुतीलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. १ को कार्यालयमा विद्युत आपूर्ति अनियमित हुँदा सेवा प्रवाहमा अवरोध हुने र सेवाग्राही तथा कर्मचारीका लागि स्वच्छ पिउने पानीको व्यवस्थापन आवश्यक देखिएको विषयमा छलफल हुदाँ वडा कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी, नियमित तथा थप व्यवस्थित बनाउन आवश्यक क्षमताको इन्भटर तथा तातो-चिसो पानी आउने फिल्टर स्रोत सुनिश्चित गरी नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ५ मा रहेको दुर्गा मन्दिरको भण्डारघर र शौचालय जीर्ण अवस्थामा रही मर्मत आवश्यक देखिएको विषयमा छलफल हुदाँ धार्मिक तथा सामुदायिक गतिविधि सञ्चालनमा सहजता ल्याउन तथा सरसफाई र संरचनाको संरक्षण आवश्यक देखिएकोले दुर्गा मन्दिरको भण्डार घर र शौचालय मर्मत वडा नं. ५ कार्यको लागि विपद व्यवस्थापन शिर्षकबाट रु १ लाख बजेट विनियोजन गर्ने निर्णय ~~गरियो~~ /

~~गरियो~~।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गर्मीयाममा स्थानीय खानेपानीका मुहानहरु सुक्ने हुँदा वस्तीहरुमा खानेपानी आपूर्तिमा समस्या उत्पन्न हुने गरेकोले टाढा रहेका मूहानबाट अस्थायीरुपमा पानी ल्याइ वितरण गर्न आवश्यक विषयमा छलफल हुँदा स्थानीय बासीन्दाहरुलाई सहज स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक परिमाणमा खानेपानी पाइप खरिद गर्नुपर्ने देखिएकोले उक्त कार्यको लागि स्रोत सुनिश्चित गरेर रु २ लाख बजेट विनियोजन गरी नियमानुसार खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको आवश्यक नीति, कार्यक्रम तथा अन्य अत्यावश्यक विषयमा निर्णय गर्नुपर्ने भएकोले विशेष गाउँसभा बोलाउन आवश्यक विषयमा छलफल हुँदा प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मिति २०८२ साल चैत्र २० गते ब्याँस गाउँपालिकाको विशेष गाउँसभा आवह्वान गर्ने निर्णय सर्वसम्मत गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कार्यालयमा औषधि उपचार खर्च सहयोगका लागि पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका स्थानीयहरुलाई तपसिल बमोजिम औषधि उपचार खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | नाम थर | ठेगाना | रोगको किसिम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | शंकर सिह विष्ट | ब्याँस ४ | पेटको अपरेसन | २०,००० | |
| २ | मानमती धामी | ब्याँस ६ | पाठेघरको समस्या | १५,००० | |
| ३ | सुवास लुहार | ब्याँस ५ | | १५,००० | बुवा: करन राम लुहार |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट विभिन्न समयमा आनन्द ट्रेडर्स एण्ड सप्लायर्स महाकाली दार्चुलाबाट ल्याएको जिन्सि सामग्री सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद प्रक्रिया पुरा गरी स्रोत सुनिश्चितता पश्चात सप्लायर्सलाई भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं-१० को विशेष गाउँसभा बोलाउने सम्बन्धमा गरिएको निर्णय [illegible] सभा बोलाउनुको [illegible] आर्थिक वा [illegible] गर्ने कार्यपालिकाले [illegible] असहमति छ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको चालु आ.व. २०८२/८३ अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन भईरहेका योजनाहरुको कार्यसम्पन्न अवधि थप गर्ने विषयमा छलफल हुदाँ आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का कारण अधिकांश कर्मचारीहरु निर्वाचन कार्यमा जाने भएकोले मिति २०८२ फागुनसम्म कार्यसम्पन्न म्याद भएका योजनाहरुको भुक्तानी दिन नसकिएकोले उक्त योजनाहरुको कार्यसम्पन्न म्याद २०८२ चैत्र मसान्त सम्म थप गर्ने साथै तपसिल बमोजिमका क्रमागत आयोजनाहरुको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | ठेगाना | म्याद थप अवधी | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. ६ कार्यालय भवन निर्माण | ब्याँस-६ | २०८२ चैत्र मसान्त सम्म | |
| २. | श्री हिमालय मा.वि. ब्याँस ६ को भवन निर्माण | | २०८३ जेठ मसान्त सम्म | |

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा संघीय सशर्त अनुदान अन्तर्गत ब्याँस गाउँपालिकालाई प्राप्त याक चौरी/ प्रवर्द्धन कार्यक्रम रु ७५०,००० को कार्यान्वयनका लागि यस कार्यालयमा पेश भएका प्रस्तावहरु मध्ये “प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२” को दफा १२ बमोजिम गठित समितिबाट छनौटको लागि कार्यपालिकामा पेश भएर छलफल पश्चात लुवासुर चौरी गाइ भेडा च्याग्रा बाख्रा पशुपालन समूह ब्याँस-१ तिंकरलाई उक्त कार्यक्रमको लागि छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा ब्याँस गाउपालिका अन्तर्गत रहेका विभिन्न मन्दिरका २४ जना धामी, पुजारीहरुले हरिद्धार तिर्थस्थलमा गरेको भ्रमण वाफतको रकम तिर्थस्थल गएको एकिन हुने कागजात संलग्न गरि प्रति धामी रु २ हजारका दरले गाउँपालिकाको विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।